apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २०८ ● पृष्ठः ४ ● २९ साउन २०८३ शुक्रबार (14 August 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

## लहान प्रदर्शनमा प्रहरीलाई गोली लागेको पुष्टि भएन, गणेश यादव मृत्यु प्रकरण छानबिनमा

### गोलबजार घटनामा ६४ संरचनामा तोडफोड तथा आगजनी, गृह मन्त्रालयको छानबिन समिति स्थलगत अध्ययनमा

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २८ गते**





सुनसरीमा साउन १० गते भएको झडपपछि मधेशका विभिन्न जिल्लामा फैलिएको प्रदर्शनका क्रममा सिरहाको गोलबजार र लहानमा भएका घटनाबारे छानबिन भइरहेको छ । गोलबजारमा साउन १४ गते प्रहरीसँगको झडपमा १८ वर्षीय गणेश यादवको मृत्यु भएको घटनाको छानबिन गृह मन्त्रालयले गरिरहेको छ भने लहानमा प्रहरीलाई गोली लागेको भनिएको घटनामा गोली लागेको पुष्टि नभएको मन्त्रालयका एक उच्च अधिकारीले बताएका छन् ।

सिरहाको औरही गाउँपालिका-२ निवासी गणेश यादवको मृत्यु घटनाबारे छानबिन गर्न गृह मन्त्रालयले सहसचिव पुष्पराज शाहीको नेतृत्वमा समिति गठन गरेको छ । गृह मन्त्रालयका प्रवक्ता सहसचिव आनन्द काफ्लेका अनुसार समितिले छानबिन सुरु गरिसकेको छ । समितिका सदस्यहरू सिरहा पुगेर घटनास्थलको स्थलगत अनुगमनसमेत गरिसकेका छन् ।

पोस्टमार्टम रिपोर्टमा गणेश यादवको शरीरमा गोली लागेको पुष्टि भएको जनाइएको छ । तर, प्रहरीले भने यादवलाई गोली लागेको तथ्य अहिलेसम्म स्वीकार गरेको छैन । गोली कसरी र कसबाट चल्यो भन्ने विषय समितिको छानबिनबाट स्पष्ट हुने अपेक्षा गरिएको छ । यादवलाई मन्त्रिपरिषद्ले सहिद घोषणा गरिसकेको छ ।

गोलबजारको प्रदर्शनका क्रममा धनुषाको मिथिला बिहारी नगरपालिका-८ निवासी १९ वर्षीय सुवास ठाकुर र गोलबजार नगरपालिका-४ निवासी ६२ वर्षीय आलम खान घाइते भएका थिए । ठाकुरको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको छ ।

प्रदर्शनका क्रममा गोलबजारमा व्यापक तोडफोड र आगजनी भएको थियो । १५ निजी घर, १८ पसल तथा व्यवसाय, २८ सवारीसाधन तथा धार्मिक र शैक्षिक स्थलसहित ६४ संरचनामा क्षति पुगेको जनाइएको छ ।

बाँकी पृष्ठ २

## मधेशमा मन्त्रिपरिषद् पुनर्गठन गरी ९ मन्त्रालय कायम गर्ने तयारी



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २८ गते**

मधेश प्रदेश सरकारमा मन्त्रिपरिषद् पुनर्गठन गरी मन्त्रालय घटाउने तयारी भइरहेको छ । मधेश सरकारमा अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित १२ वटा मन्त्रालय छन् । अब घटाएर ९ वटा कायम गर्ने सरकारको तयारी छ ।

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का दुई र नेकपा एमालेका एक गरी तीन मन्त्रीलाई हटाउने गरी मन्त्रिपरिषद् पुनर्गठनको गृहकार्य भइरहेको स्रोत बतायो ।

दुई दिनभित्रै सत्ता गठबन्धन दलका नेता बसेर मन्त्रिपरिषद् पुनर्गठन गर्ने र ९ वटा मन्त्रालय कायम गर्ने कामलाई मूर्तरूप दिने तयारी भइरहेको एक मन्त्रीले बताए ।

'धेरै काम भइसकेको छ । अब ९ वटा मन्त्रालय कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन गर्न सत्ता गठबन्धन दलका नेताको बैठक बसेर सहमति गरी सरकार अगाडि बढ्छ । अबको २/३ दिनभित्रै सरकार पुनर्गठनको सम्भावना छ,' ती मन्त्रीले भने ।

बाँकी पृष्ठ ४

## मधेशमा सशस्त्र प्रहरीद्वारा एकै वर्षमा ७५ करोडभन्दा बढीको अवैध सामान बरामद

**अपन दैनिक संवाददाता**
**रौतहट, साउन २८ गते**



सशस्त्र प्रहरीले आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशका आठवटै जिल्लाबाट ७५ करोड रुपियाँभन्दा बढी मूल्यको अवैध सामान बरामद गरेको छ ।

छिन्नमस्ता बाहिनीअन्तर्गत मधेश प्रदेशमा परिचालित सशस्त्र प्रहरीको गस्ती टोलीले २०८२ साउनदेखि गत असार मसान्तसम्मको अवधिमा ७५ करोड २८ लाख ४५ हजार ४७६ रुपियाँ २० पैसा बराबरको अवैध सामान बरामद गरेको हो । उक्त सामान आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

सशस्त्र प्रहरी मधेश प्रदेशका प्रवक्ता एसएसपी सुभाष भण्डारीका अनुसार भारतबाट भन्सार छली नेपाल भित्र्याइएका कपडा, किराना, हार्डवेयरलगायतका सामग्री बरामद भएका छन् । यस्तै तेस्रो मुलुकबाट नेपाल हुँदै चोरी-लुकी भारत लैजान खोजिएको ठुलो परिमाणको तरबुजाको बीउसमेत बरामद गरिएको उनले जानकारी दिएका छन् । बरामद गरिएका सामान कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालयमा बुझाइएको छ ।

मधेश प्रदेशमा डीआईजी विष्णुप्रसाद भट्टले नेतृत्व सम्हालेपछि सीमा क्षेत्रमा अवैध गतिविधि नियन्त्रणलाई प्राथमिकतामा राख्दै शून्य सहनशीलताको नीति अपनाइएको छ । उनको नेतृत्वमा नेपाल-भारत सीमामा हुने चोरी-तस्करी, अवैध ओसारपसार र सीमापार आपराधिक गतिविधि नियन्त्रणका लागि गस्ती, निगरानी तथा सूचना संयन्त्रलाई थप प्रभावकारी बनाइएको छ ।

सशस्त्र प्रहरीले सीमा सुरक्षालाई मजबुत बनाउँदै तस्करी नियन्त्रणका लागि नियमित तथा विशेष अभियान सञ्चालन गरिरहेको जनाएको छ । डीआईजी भट्टले तस्करसँग साँठगाँठ राख्ने कैयौं अधिकारीलाई कारबाहीको दायरामा ल्याइसकेका छन् । आर्थिक प्रलोभनमा परेर नीति विपरीत काम गर्ने जोकोहीलाई पनि कडा कारबाहीको दायरामा ल्याउने चेतावनी उनले दिएका छन् ।

पछिल्लो समय सीमा क्षेत्रमा अवैध कारोबार नियन्त्रणसँगै सुरक्षा उपस्थिति प्रभावकारी बनेको भन्दै स्थानीय तह तथा सुरक्षा क्षेत्रका जानकारहरूले सशस्त्र प्रहरीको कार्यशैलीको सकारात्मक मूल्याङ्कन गर्न थालेका छन् ।

## कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी ४३ वर्षपछि पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन २८ गते**




कर्तव्य ज्यान मुद्दामा अदालतबाट दोषी ठहर भई ४३ वर्षदेखि फरार रहेका एक प्रतिवादीलाई सिरहा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार साविक खरुक्याही गाविस-६, हाल लक्ष्मीपुर पतारी गाउँपालिका-५ बस्ने ८० वर्षीय ठकाई यादवलाई विहीबार पक्राउ गरेको हो ।

प्रहरीका अनुसार २०४० साल वैशाख ७ गते भारतबाट पहलवान (कुस्ती खेलाडी) बोलाई बैशाखे मेलाको अवसरमा मन्दिरमा बोका चढाउने विषयमा विवाद उत्पन्न हुँदा साविक खरुक्याही गाविस-४ का रजिन्द्र यादवलाई घेरा हाली कुटपिट गरी हत्या गरिएको थियो ।


उक्त घटनामा संलग्न ठकाई यादवलाई उच्च अदालतबाट २०४६ साल पुस २५ गतेको फैसलाबमोजिम एक वर्ष कैद सजाय तोकिएको थियो । सजाय तोकिएपछि उनी फरार रहँदै आएका थिए ।

फरार प्रतिवादीहरूको खोजी गर्ने क्रममा यादव आफ्नै गाउँस्थित मन्दिरमा साधुबाबाको भेषमा लुकिछिपी बसिरहेको अवस्थामा फेला परेका हुन् । इलाका प्रहरी कार्यालय महेशपुरपतारीबाट प्रहरी निरीक्षकको कमान्डमा खटिएको टोलीले उनलाई स्थानीय शिव मन्दिरबाट पक्राउ गरी आवश्यक कारबाहीका लागि सिरहा जिल्ला अदालतमा बुझाएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार सोही घटनामा संलग्न रही वारदातपछि फरार रहेका अन्य ११ जना प्रतिवादीको भने मृत्यु भइसकेको बुझिएको छ ।

प्रहरीले अदालतबाट फैसला भइसकेका फरार प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिइरहेको जनाएको छ ।

## मधेश प्रदेशमा रगतको अभाव




**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन २८ गते**

रक्तदान गरेपछि कमजोर भइन्छ भन्ने नकारात्मक सोचका कारण मधेश प्रदेशमा रगतको अभाव देखिन थालेको छ । मधेश प्रदेशमा रगतको अभाव देखिएपछि विहीबार जनकपुरधाममा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी जनकपुरधाम, उपमहानगरपालिका वडा नं १७ ले आज रक्तसञ्चार केन्द्रको समन्वयमा खुला रक्तदान कार्यक्रमको आयोजन गरेको हो ।

बाँकी पृष्ठ ४

## देउवालाई किन आयो ज्ञानेन्द्र शाहको झल्को ?

**अपन दैनिक संवाददाता**
**काठमाडौं, साउन २८ गते**



करिब पाँच महिनाको विदेश बसाइपछि नेपाली कांग्रेसका निवर्तमान सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा बिहीबार स्वदेश फर्किए ।

स्वास्थ्य उपचारका लागि विदेश गएका देउवा नेपाल फर्किंदा विमानस्थलदेखि पार्टीको आन्तरिक राजनीतिसम्म देखिएको माहोलले उनको राजनीतिक सक्रियता अझै सकिएको छैन भन्ने सन्देश दिएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा ओर्लिएपछि देउवा सोझै आफ्नो निवास चुनदेवी पुगे । त्यहाँ उनलाई ठूलो संख्यामा कांग्रेस नेता तथा कार्यकर्ताले स्वागत गरे । कांग्रेसको संस्थापनइतर समूहले विमानस्थलमै बाजागाजा र सांस्कृतिक झाँकीसहित उनको स्वागतको तयारी गरेको थियो । विमानस्थलबाट चुनदेवी पुगेका देउवालाई नेता-कार्यकर्ताले पार्टीको 'सभापति'कै हैसियतमा प्रस्तुत गरे ।

यतिसम्म कि, देउवाको

बाँकी पृष्ठ ३



प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### सिरहामा विद्युत आपूर्ति नियमित गर

सिरहा जिल्लासहित मधेश प्रदेशका अधिकांश जिल्लामा यतिबेला चर्को गर्मीले जनजीवन प्रभावित बनेको छ। बिहानैदेखि चर्को घाम लाग्ने र दिउँसोको तापक्रम अत्यधिक बढ्ने अवस्थाले बालबालिका, वृद्धवृद्धा, बिरामी, मजदुर तथा दैनिक कामकाजका लागि घरबाहिर निस्कनुपर्ने नागरिक सबैलाई कठिनाइ भइरहेको छ । यस्तो प्रतिकूल मौसममा स्वास्थ्य जोखिमबाट जोगिन सकेसम्म घामबाट बच्न र घरभित्रै बस्न चिकित्सकीय सुझावसमेत दिइन्छ। तर घरभित्र बसेर गर्मीबाट राहत खोज्ने नागरिकले समेत नियमित विद्युत आपूर्तिको अभाव झेल्नुपरेपछि समस्या झनै गम्भीर बनेको छ । सिरहा सदरमुकामदेखि जिल्लाका विभिन्न गाउँ-देहात तथा बजार क्षेत्रमा दिनमा पटक-पटक विद्युत काटिने र राति पनि लामो समयसम्म विद्युत अवरुद्ध हुने गुनासो बढिरहेको छ। चर्को गर्मीमा पंखा, कुलर, फ्रिजलगायतका विद्युतीय उपकरणको प्रयोग नागरिकका लागि विलासिता नभई आवश्यकताजस्तै बनेको छ। यस्तो अवस्थामा विद्युत आपूर्ति अनियमित हुँदा सर्वसाधारणले गर्मीको पीडा मात्रै होइन, दैनिक जीवन, व्यवसाय र स्वास्थ्यसम्बन्धी थप समस्या भोग्नुपरेको छ ।

विशेषगरी विद्यालय जाने बालबालिकाको पढाइ, सरकारी तथा गैरसरकारी कार्यालयको सेवा प्रवाह र बजार क्षेत्रको व्यापार व्यवसायमा समेत विद्युत अवरोधको प्रत्यक्ष असर पर्छ। लामो समय विद्युत नहुँदा साना व्यवसायीको कारोबार प्रभावित हुन्छ, विद्युतीय उपकरणमा निर्भर सेवा अवरुद्ध हुन्छन् र गर्मीका कारण ग्राहक तथा सेवाग्राहीसमेत बजारमा निस्कन हिच्किचाउने अवस्था आउँछ। यसले पहिले नै कमजोर बनेको आर्थिक गतिविधिलाई थप असर पार्न सक्छ। विद्युत आपूर्ति प्रणालीमा प्राविधिक समस्या, मर्मतसम्भार वा अपरिहार्य कारणले कहिलेकाहीँ अवरोध आउन सक्छ। तर पटक-पटक र लामो समयसम्म विद्युत काटिँदा त्यसको स्पष्ट कारण, पूर्वसूचना र समाधानको प्रभावकारी व्यवस्था नहुनु गम्भीर विषय हो। विद्युत उपभोक्ताले नियमित महसुल तिरिरहेका छन् भने सेवा प्रदायक निकायको दायित्व पनि भरपर्दो सेवा उपलब्ध गराउनु हो। समस्या पर्दा नागरिकलाई अन्धकार र गर्मीमा छोडेर जिम्मेवारीबाट पन्छिन मिल्दैन ।

नेपाल विद्युत प्राधिकरणले विद्युत आपूर्ति अवरोधका कारण पहिचान गरी तत्काल समाधान गर्नुपर्छ। आवश्यक मर्मतसम्भार वा प्राविधिक काम गर्नुपर्ने भए त्यसको पूर्वसूचना सार्वजनिक गर्ने, आकस्मिक समस्या आए तत्काल जानकारी गराउने र लामो समयसम्म समस्या दोहोरिन नदिने स्थायी उपाय अवलम्बन गर्नुपर्छ। विशेषगरी अत्यधिक गर्मीको समयमा विद्युत आपूर्तिलाई प्राथमिकताका साथ व्यवस्थित गर्नु आवश्यक छ। नागरिकले पैसा तिरेर विद्युत सेवा उपभोग गरिरहेका छन्। त्यसैले सेवा नियमित र गुणस्तरीय बनाउन सम्बन्धित निकाय जवाफदेही हुनैपर्छ। चर्को गर्मीका बेला अनावश्यक विद्युत अवरोधले नागरिकको स्वास्थ्य, रोजगारी, व्यवसाय र दैनिक जीवनमा पार्ने असरलाई सामान्य रूपमा लिनु हुँदैन। अहिले सिरहा वितरण केन्द्रले गुनासो सुन्ने मात्र होइन, व्यवहारमै सुधार देखाउने बेला हो । विद्युत काटिने समस्या तत्काल न्यूनीकरण गर्दै अत्यावश्यक अवस्थामा मात्र व्यवस्थित अवरोध गर्ने, उपभोक्तालाई समयमै सूचना दिने र प्राविधिक कमजोरी स्थायी रूपमा समाधान गर्ने पहल आवश्यक छ। चर्को गर्मीबाट आहत नागरिकलाई विद्युत अवरोधका नाममा थप सास्ती दिने होइन, यही कठिन समयमा भरपर्दो सेवा दिएर राहतको अनुभूति गराउनु राज्यका सेवा प्रदायक निकायको मुख्य दायित्व हो।

### लहान प्रदर्शनमा प्रहरीलाई गोली ...............

यसैबीच, लहान नगरपालिका-४ मा प्रदर्शनकारी र प्रहरीबीच भएको झडपका क्रममा एक प्रहरी कर्मचारीलाई गोली लागेको प्रहरीको दाबीमाथि प्रश्न उठेको छ । प्रहरी प्रधान कार्यालयले इलाका प्रहरी कार्यालय लहानमा कार्यरत सहायक हवल्दार नारद परियारको दाहिने खुट्टामा घुँडाभन्दा मुनि गोली लागेको जनाएको थियो।

तर, गृह मन्त्रालयका एक उच्च अधिकारीका अनुसार परियारलाई गोली लागेको पुष्टि भएको छैन । ती अधिकारीका अनुसार परियारको खुट्टामा गोली नभई फलाम प्रकृतिको कडा वस्तुले चोट लागेको देखिएको छ।

घाइते सहायक हवल्दार परियारको विराटनगरस्थित नोबेल अस्पतालमा उपचार गरिएको थियो । लहानमा प्रहरीलाई गोली लागेको भनिएको घटनाको वास्तविकता र गोलबजारमा गणेश यादवको मृत्युको कारणबारे छानबिन समितिको निष्कर्षपछि घटनाका थप तथ्य सार्वजनिक हुने अपेक्षा गरिएको छ।

# मोदीलाई बालेनको सन्देश: आन्तरिक काममा व्यस्त छु, तत्काल भारत भ्रमणको योजना छैन

**प्रधानमन्त्री बालेन नयाँदिल्लीलाई चिढ्याउने मनस्थितिमा छैनन्, तर कम्तिमा एक वर्ष विदेश भ्रमणमा नजाने उनको पूर्व अडानमा परिवर्तन पनि आइसकेको छैन ।**



**सीताराम बराल**

कन्स्पिरेसी थ्योरी (षड्यन्त्रको सिद्धान्त) को बोलबाला त नेपाली राजनीतिको 'विशेषता' नै भइहाल्यो । प्रधानमन्त्री बालेन्द्र शाहको सम्भावित 'भारत भ्रमण'का विषयमा काठमाडौंमा हुने 'अनुमानकारिता'का कारण 'कन्स्पिरेसी थ्योरी'ले जस्तै सम्भवतः भारतीय विदेश मन्त्रालयका अधिकारीहरु हैरान छन् ।

जस्तो - लामो प्रतीक्षापछि नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले सोमबार (२५ साउन) प्रधानमन्त्री शाहसँग वान-अन-वान (एक्लाएक्लै) भेटको अवसर प्राप्त गरे। यो भेटको भोलिपल्टको नियमित पत्रकार सम्मेलनमा भारतीय विदेश मन्त्रालयका प्रवक्ताले शाहलाई भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले दिएको भारत भ्रमणको निम्तो र शाहको भारत भ्रमण कहिले हुन्छ भन्ने प्रश्नको सामना गर्नु परिहाल्यो।

यसको कारण थियो, प्रधानमन्त्री शाहले फेरि प्राप्त गरेको भारत भ्रमणको निम्तो र त्यससँगै अब प्रधानमन्त्री शाह भारत भ्रमणमा जान सक्छन् भन्ने काठमाडौंमा चलेको हल्ला र अनुमान !

भारतको आयोजनामा आगामी २७-२८ भदौमा ब्रिक्स राष्ट्रका राष्ट्रप्रमुख तथा सरकार प्रमुखहरुको शिखर सम्मेलन हुन लागेकाले पनि शाह छिट्टै ब्रिक्स शिखर सम्मेलनलाई बहाना बनाएर भारत भ्रमणमा जानसक्छन् भन्ने हल्ला र अनुमान काठमाडौंमा हुने भइहाल्यो।

काठमाडौंमा चलेका यस्तै हल्ला र अनुमान समाचार बनेर आएपछि प्रवक्ता जैसवालसँग भारतीय पत्रकारहरुले सोधे, 'त्यसो भए के ब्रिक्स शिखर सम्मेलनमा नेपाली प्रधानमन्त्री सामेल होलान् ? यसका लागि के नेपालको प्रधानमन्त्रीले निमन्त्रणा प्राप्त गरेका छन् ?'

प्रधानमन्त्री शाहबाट कुनै छिट्टै भारत भ्रमण हुने कुनै आश्वासन प्राप्त भएको हुँदो हो त, प्रधानमन्त्री शाहको भारत भ्रमणको 'सुखद् समाचार' प्रवक्ता जैसवालले भारतीय पत्रकारहरुलाई दिने थिए । तर, प्रधानमन्त्री शाहको भारत भ्रमण हुने-नहुने सम्बन्धमा, अघिल्लो हप्ताजस्तै यसपटकपनि प्रवक्ता जैसवाल मौन रहन चाहे, प्रधानमन्त्रीको शपथ ग्रहण गर्नासाथ शाहलाई भारत भ्रमणको निम्तो पठाइएको पुरानै कुरा दोहोर्‍याए।

**प्रयास भारतीय राजदूतको, लाभ चिनियाँ राजदूतलाई पनि**

प्रधानमन्त्रीको शपथग्रहण गरेलगत्तै प्रम शाहसँग राजदूत श्रीवास्तवले शाहसँग भेटको प्रयास गरेका थिए । तर, २६ चैत्रमा काठमाडौंस्थित विभिन्न मुलुकका राजदूतहरुसँग गरिएको सामूहिक भेटमा अन्य राजदूतसरह मात्र श्रीवास्तवले प्रधानमन्त्री शाहसँग भेटको अवसर प्राप्त गरे।

एक्लाएक्लै भेटका लागि प्रधानमन्त्री कार्यालयले समय उपलब्ध नगराएपनि भारतीय पक्षले भेटको प्रयास गरिरह्यो । विभिन्न कार्यक्रम र द्विपक्षीय बैठकका क्रममा प्रधानमन्त्रीसँग निकटस्थ व्यक्ति तथा परराष्ट्र मन्त्रालयका अधिकारीहरुसँग भारतीय अधिकारीहरुले भेटका लागि अनुरोध गरिरहेका हुन्थे।

'औपचारिक-अनौपचारिक बैठक हुँदा भारतीय अधिकारीहरु अक्सर प्रधानमन्त्री शाहसँग राजदूत श्रीवास्तवको भेटका लागि अनुरोध गर्थे' नाम उल्लेख नगर्ने शर्तमा एक सम्बद्ध अधिकारीले भने, 'निकट छिमेकका राजदूतको आग्रह एक-दुई पटक टार्न सकिन्छ, सधैं टार्न त निकै कठिन हुन्छ। सधैं टार्न अप्ठेरो हुँदै गएपछि भेटको प्रबन्ध गरिएको हो।'

प्रधानमन्त्री शाह र सरकारप्रति सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरुले संसद्मै असन्तुष्टि पोख्न थालेकाले प्रधानमन्त्री शाह पनि दबाबमा थिए।

रास्वपाभित्रै प्रधानमन्त्री शाह र सरकारबारे असन्तुष्टि देखिन थालेका बेला शाहको २३ असारमा एसियाली विकास बैंकका अध्यक्ष मासातो कान्दासँग एक्लाएक्लै भेटवार्ता भएको थियो । कान्दा तीन दिने भ्रमणको सिलसिलामा नेपाल आएका थिए।

कान्दासँगको भेटपछि शाहको विदेशीहरुसँग एक्लाएक्लै नभेट्ने व्रत समाप्त भएको सन्देश गइसकेको थियो। यद्यपि, त्यसपछि पनि झण्डै एक महिनासम्म उनले प्रमुख मुलुकका काठमाडौंस्थित राजदूतहरुसँग भेटवार्ता गरेनन्।

तर, रास्वपाभित्र आफूभित्र बढ्न थालेको असन्तुष्टि र भारतीय पक्षको निरन्तर अनुरोधका कारण उनी भारतीय राजदूतहरुसँग भेट गर्नुपर्ने निष्कर्षमा पुगे।

स्रोतका भनाइमा प्रधानमन्त्रीसँग भेटको चाहना राखेपनि भारतीय पक्षले झैं चिनियाँ र अमेरिकी पक्षले भेटका लागि धेरै जोड गरेका थिएनन्।

तर, भारतीय राजदूतलाई भेट्ने निष्कर्षमा प्रधानमन्त्री शाह पुगेपछि 'भूराजनीतिक सन्तुलन' कायम गर्न चिनियाँ र अमेरिकी (कार्यवाहक) राजदूतलाई समेत भेट दिनु उपयुक्त हुने निचोडमा शाह पुगे।

त्यसपछि भारतीय राजदूतलगत्तै चिनियाँ राजदूतसँग समेत भेटका लागि समय उपलब्ध गराइएको थियो।

'भारतीय राजदूतसँग मात्र भेट गर्दा अनेक आशंका सिर्जना हुन्छन्, भारत परस्तको आरोप लाग्छ, त्यसैले भारतीय राजदूतसँगको भेटलगत्तै चिनियाँ राजदूत चाङ माओमिङसँग पनि भेट गर्ने कार्यक्रम बनेको हो,' स्रोतले भन्यो, 'खासमा भारतीय राजदूतलाई भेट्नै पर्ने भएपछि चिनियाँ राजदूतसँग पनि भेटको कार्यक्रम बनाइएको हो।'

**राजदूतमार्फत् मोदीलाई बालेनको सन्देश**

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार, प्रधानमन्त्री शाह र भारतीय राजदूत श्रीवास्तवबीचको भेटमा शाहको सचिवालयका दुईजना र परराष्ट्र मन्त्रालयका दुईजना अधिकारी पनि सहभागी थिए। परराष्ट्र मन्त्रालयको दक्षिण एसिया महाशाखाले भारत मामिला हेर्ने भएकाले महाशाखा प्रमुख र उपप्रमुख भेटवार्तामा सहभागी थिए।

शाह र श्रीवास्तवबीच करिब ४० मिनेट कुराकानी भएको थियो। भेटवार्ताका क्रममा श्रीवास्तवले नेपाल-भारत सम्बन्धको ऐतिहासिक महत्वबारे चर्चा गरेका थिए। शाहले पनि परराष्ट्र मन्त्रालयले तयार पारेको 'ब्रिफिङ नोट' अनुसार नेपाल-भारत सम्बन्धको इतिहास र महत्वको चर्चा गरे।

अनौपचारिक तवरमा भने प्रधानमन्त्री शाहले धेरै कुरा राखेनन्। 'ब्रिफिङ नोट'मा उल्लेख भएका विषयबाहेक शाहले राजदूत श्रीवास्तवसँग राखेको मुख्य विषय भारतीय प्रधानमन्त्री मोदीको तर्फबाट प्राप्त भएको निम्तोबारेमा थियो।

राजदूत श्रीवास्तवले प्रधानमन्त्री शाहलाई शुभकामनास्वरुप फ्रेममा राखिएको 'मिथिला पेन्टिङ' प्रदान गरे, प्रधानमन्त्री निर्वाचित भएकोमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट प्रदान गरिएको बधाई र शुभकामना सुनाउँदै उनले भारत भ्रमणको निम्तो दोहोर्‍याए।

प्रधानमन्त्री पदको शपथग्रहण गरेकै दिन भारतीय प्रधानमन्त्री मोदीको तर्फबाट प्रधानमन्त्री शाहलाई भारत भ्रमणको औपचारिक निमन्त्रणापत्र पठाइएको थियो। १३ चैत्र (२०८२) साँझ परराष्ट्र मन्त्रालयको प्रोटोकल महाशाखामा हस्तान्तरण गरिएको निमन्त्रणापत्र भोलिपल्ट प्रधानमन्त्री कार्यालयलाई हस्तान्तरण गरिएको थियो।

औपचारिक निमन्त्रणापत्र पहिल्यै पठाइसकिएको उल्लेख गर्दै राजदूत श्रीवास्तवले प्रधानमन्त्री शाहलाई त्यसको प्रतिलिपि बुझाए।

'भारत भ्रमणका लागि हाम्रा सम्माननीय प्रधानमन्त्री नरेन्द्र मोदीले तपाईंले शपथ ग्रहण गरेकै दिन पठाउनुभएको निमन्त्रणापत्र पाइसक्नुभएकै छ,' निम्तोपत्रको प्रतिलिपि हस्तान्तरण गर्दै श्रीवास्तवले भने, 'तैपनि औपचारिक रुपमा निमन्त्रणास्वरुप त्यही निम्तोपत्रको प्रतिलिपि लिएर आएको छु।'

निमन्त्रणापत्रको प्रतिलिपि बुझाएपछि राजदूत श्रीवास्तवले 'प्रधानमन्त्री मोदीको चाहना यथासक्य छिटो र अनुकूल समयमा प्रधानमन्त्री शाहबाट भारत भ्रमण भइदिए हुन्थ्यो' भन्ने समेत उल्लेख गरे। तर, प्रधानमन्त्री शाहले तत्काल विदेश भ्रमण गर्ने योजनामा आफू नरहेको स्पष्ट सन्देश राजदूत श्रीवास्तवलाई दिए।

'अहिले मैले बाह्य मामिलाभन्दा आन्तरिक मामिलामा धेरै समय

बाँकी पृष्ठ ३ ▸▸

○ ग्राहक बन्नु परेमा ।
○ नवीकरण गर्नु परेमा ।
○ ठेगाना परिवर्तन भएमा ।
○ पत्रिका नियमित नआएमा ।
सिधा सम्पर्क ०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

## आजको राशिफल

**मेष** : समय सजग र सतर्क भई काम गर्नसके आजको दिन पनि लाभकारी बन्न सक्छ।

**बृष** : समय मध्यम खालको छ। व्यापारमा प्रशस्त फाइदा हुने योग छ। आम्दानीका नयाँ स्रोत फेला पर्नेछन।

**मिथुन** : व्यापारमा फाइदा हुनेछ। कीर्तिमानी काम गर्ने समय छ। भूमि, वाहन र पैत्रिक सम्पत्तिबाट लाभ मिल्ने योग छ।

**कर्कट** : घरायसी सुखको अनुभूति हुनेछ । दाजुभाइ र दिदीबहिनीले दिएको सुझावलाई पालना गर्दा लाभ प्राप्त हुनसक्छ।

**सिंह** : सानातिना घरेलु काममै अल्मलिएर समय व्यतीत हुनसक्छ, सचेत रहनु होला।

**कन्या** : व्यवसायको सिलसिलामा रमाइलो यात्रा हुन सक्छ । व्यापार-व्यवसायमा लाभ हुनेछ।

**तुला** : फाइदा उठाउन सकिन्छ। अनावश्यक वादविवादमा परिएला, विचारलाई तौलेर मात्र व्यक्त गर्नु बुद्धिमानी हुनेछ।

**वृश्चिक** : बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ। प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ।

**धनु** : पशुधन र जमिनबाट सामान्य लाभ हुनेछ। परिवारमा आमाको माध्यमबाट काम बन्न सक्छ।

**मकर** : काममा सहयोग लिन दिन सकिने दिन छ । उद्योग तथा बन्दव्यापारमा प्रशस्त फाइदा मिल्ने समय छ।

**कुम्भ** : आर्थिक क्रियाकलापले दूरगामी फाइदा हुनेछ। दिगो फाइदा हुने काम सुरु हुन सक्छ।

**मीन** : पारिवारिक भेटघाटको समय छ । विशेष व्यक्तित्वलाई भेट्ने मौका आउला।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# सुनसरी घटना: सरकारको निगरानीमा मदरसा

अपन दैनिक संवाददाता
काठमाडौं, साउन २८ गते



सुनसरीको देवानगञ्जमा गृहमन्त्री सुधन गुरुङले पीडित परिवारसँग गरेको सम्झौताको तेस्रो बुँदामा 'देवानगञ्ज गाउँपालिका-३ स्थित मदरसाको कानुनी हैसियत तथा सम्बन्धित विषयहरूबारे आवश्यक छानबिन तत्काल प्रारम्भ गर्ने विषय उल्लेख छ।

मदरसाको कानुनी हैसियत तथा त्यसका अन्य विषयमा छानबिन गर्ने सम्झौतापत्रमा स्वयं गृहमन्त्रीले हस्ताक्षर गरेपछि यसबारे चासो बढ्न थालेको छ। यद्यपि सरकारले हालसम्म मदरसाबारे औपचारिक अध्ययन सुरु गरेको छैन।

तराई क्षेत्रमा खुलेका मदरसा शिक्षाका विषयमा भारतले पनि बेलाबेलामा चासो देखाउने गर्छ। भारतले आफ्नो देशमा हुने गरेका आतङ्कवादी गतिविधिमा नेपाल-भारत सीमा क्षेत्रमा रहेका मदरसालाई कारक मान्ने गरेको समाचार केही भारतीय सञ्चारमाध्यमले बेला-बेला प्रकाशित गर्दै आएका छन्। साथै, दुवै देशका सरकारले बेलाबेलामा मदरसाको अनुगमन तथा खानतलासी गर्दै आएका पनि छन्।

राजनीतिक मामिलाका जानकार जेपी गुप्ताका अनुसार भारतको साम्प्रदायिक डढेलोको ताप अहिले नेपालसम्म आइपुगेको छ। सदियौँदेखि विभिन्न धार्मिक समुदायका नेपाली मिलेर बसेको मधेशी समाजमा अहिले खलल पुग्न थालेको उनको बुझाइ छ।

'मधेशमा पछिल्ला वर्ष देखिन थालेको तनाव नेपालको कुनै आन्तरिक वा मौलिक कारणले मात्र उब्जिएको होइन,' गुप्ताले भने, 'भारतीय सञ्चारमाध्यम, सामाजिक सञ्जाल र सीमापारका उग्र धार्मिक मध्यलाई नेपालका दुवै पक्षले जस्ताको तस्तै अनुसरण गरिरहेका छन्।'

**भारतको चासो**

विभिन्न समयमा भारतले आधिकारिक रूपमै सीमावर्ती क्षेत्रमा खुलेका मदरसाबारे नेपाल सरकारसँग चासो लिँदै आएको छ। यसक्रममा सरकारले पनि देशभरका मदरसाबारे अनुगमन गरेको थियो। सरकारले दुई पटक मदरसाहरूको अनुगमन गरिसकेको छ, तर हालसम्म त्यसको प्रतिवेदन सार्वजनिक गरिएको छैन।

इस्लामी सङ्घ नेपालका अध्यक्ष डा. समीम अहमदले भने, 'मदरसाको अवस्था कस्तो छ भन्ने कुरा सरकारले आधिकारिक रूपमै बाहिर ल्याउनुपर्ने हो, तर भएको अध्ययनप्रति सरकार मौन छ।'

मुस्लिम समुदायलाई बदनाम गर्ने उद्देश्यले सरकारले पटक-पटक यस्ता विषय ल्याउने गरेको उनले गुनासो गरे। मदरसामात्र नभई मन्दिर, गुम्बा र चर्चहरूको पनि अनुगमन हुनुपर्ने उनको भनाइ छ।'

**कति छन् मदरसा ?**

सरकारी तथ्याङ्कअनुसार नेपालमा

बाँकी पृष्ठ ४ ▸▸

# पत्रकार श्रेष्ठलाई तीन दिन थुनामा राख्न जिल्ला अदालतको अनुमति, सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दर्ता

अपन दैनिक संवाददाता
काठमाडौं, साउन २८ गते



समाचारमार्फत व्यक्तिगत गोपनीयता हननको कसुरमा पक्राउ परेका पत्रकार किशोर श्रेष्ठलाई जिल्ला अदालत, काठमाडौंले तीन दिन थुनामा राखेर अनुसन्धान गर्न अनुमति दिएको छ। अदालतले पहिलोपटकका लागि अनुमति दिएको हो।

उनलाई प्रहरीले बुधबार ललितपुरस्थित आफ्नै निवासबाट नियन्त्रणमा लिएको थियो। एक युवतीले दिएको जाहेरीका आधारमा उनलाई प्रहरीले फौजदारी कसुरमा पक्राउ गरेको हो। प्रहरीले बिहीबार उनको कार्यालय र घरमा समेत खानतलासी लिएको छ।

समाचारकै आधारमा फौजदारी कसुरमा पक्राउ गरिएको भन्दै सञ्चारकर्मी तथा सञ्चारआबद्ध संघसंस्थाले विरोध गरेका छन्। यस्ता विषय हेर्ने निकाय प्रेस काउन्सिल

बाँकी पृष्ठ ४ ▸▸

## देउवालाई किन आयो ज्ञानेन्द्र शाहको .............

स्वागतका लागि चुनदेवीस्थित संस्थापनइतर समूहको सम्पर्क कार्यालयमा 'सभापति शेरबहादुर देउवा' लेखिएको बोर्ड र नेमप्लेट राखियो। उनको छुट्टै कार्यकक्षसमेत तयार पारियो। शुक्रबारदेखि सुरु हुने संस्थापनइतर समूहको राष्ट्रिय भेलामा देउवालाई प्रमुख अतिथिका रूपमा सम्बोधन गराउने तयारी पनि गरिएको छ।

तर कांग्रेसको औपचारिक राजनीतिक चित्र भने फरक छ। गत माघमा सम्पन्न विशेष महाधिवेशनबाट गगनकुमार थापा सभापति चयन भएका छन् र निर्वाचन आयोग तथा अदालतको प्रक्रियामा थापाको नेतृत्वले कानुनी मान्यता पाएको छ।

यद्यपि थापाको नेतृत्वविरुद्ध परेको पुनरावेदनमा सर्वोच्च अदालतले पुनः सुनुवाइको आदेश दिएपछि कांग्रेसभित्र नेतृत्वको वैधानिकता र राजनीतिक स्वामित्वको विवादले नयाँ मोड लिएको छ।

यही पृष्ठभूमिमा देउवाको स्वदेश फिर्तीलाई केवल स्वास्थ्य उपचारपछि भएको सामान्य घरफिर्तीका रूपमा बुझ्न कठिन देखिन्छ।

देउवा आफैंले पनि आफ्नो फिर्तीलाई राजनीतिक सन्देशसँग जोड्ने प्रयास गरेका छन्। चुनदेवीस्थित निवासमा नेता-कार्यकर्तालाई सम्बोधन गर्दै उनले आफूविरुद्ध भइरहेको घेराबन्दी, उजुरी र कानुनी छानबिनबाट आफू विचलित नहुने स्पष्ट संकेत दिए।

त्यसक्रममा देउवाले भनेको एउटा वाक्यले भने उनको स्वदेश फिर्तीको राजनीतिक अर्थलाई झनै गहिरो बनाइदिएको छ, 'आफू अनुकूल नहुँदा राजा ज्ञानेन्द्रले त मलाई केही गर्न सकेनन्, अरूले सक्लान् यहाँ ?'

देउवाको यो अभिव्यक्ति अहिलेको राजनीतिक बहसमा सामान्य प्रतिरक्षात्मक भनाइभन्दा बढी अर्थपूर्ण देखिन्छ। राजतन्त्रको प्रत्यक्ष शासनकालमा तत्कालीन राजा ज्ञानेन्द्रसँग राजनीतिक टकरावमा रहेका देउवाले आफूलाई त्यसबेला पनि राजनीतिक दबाबबाट नझुकेको नेताका रूपमा प्रस्तुत गर्दै आएका छन्। अहिले आफूविरुद्ध उठिरहेका कानुनी तथा राजनीतिक प्रश्नलाई पनि उनले त्यही आत्मविश्वासका साथ सामना गर्ने सन्देश दिएका छन्।

उनले आफूले ५० वर्ष लामो राजनीतिक जीवनमा भ्रष्टाचार नगरेको दाबी गर्दै पटक-पटक छानबिन भए पनि आफूलाई डर नभएको बताए। 'अदालतमा १० पटक, २० पटकसम्म छानबिन भयो तर केही भेटिएन,' भन्दै देउवाले आफ्नो राजनीतिक जीवनमा एक रुपैयाँसमेत तलमाथि नगरेको दाबी गरे।

देउवाको अर्को सन्देश भने लोकतन्त्र र गणतन्त्रको बचाउमा केन्द्रित थियो। उनले गणतन्त्र कुनै व्यक्तिको इच्छाले नभई जनताले चुनेको संविधानसभाले स्थापना गरेको भन्दै यसलाई कसैले उल्ट्याउन नसक्ने बताए। 'नेपालका जनता नै यो देशका असली मालिक हुन्' भन्दै उनले आफूविरुद्ध लाग्नेहरूलाई समयले जवाफ दिने दाबी गरे।

तर देउवाको सम्बोधनको अर्को पाटो भने तुलनात्मक रूपमा समन्वयकारी थियो। उनले सत्ता राजनीतिमा प्रतिशोध छोडेर राष्ट्रिय सहमति, एकता र रूपान्तरणको बाटोमा अघि बढ्न सबै दल तथा नागरिकलाई आग्रह गरे।

देशवासीका नाममा गरिएको अपीलमा उनले जेन-जी आन्दोलनलाई पनि गम्भीरतापूर्वक सम्बोधन गरे। युवा पुस्ताको माग जायज रहेको स्वीकार गर्दै उनले कांग्रेसले आफ्नो कमजोरीसमेत स्वीकार गरेर नयाँ पुस्तासँग सहकार्य गर्नुपर्ने बताए। तर विगतका लोकतान्त्रिक संघर्ष र उपलब्धिलाई नकारात्मक ढंगले मात्र व्याख्या गर्नु उचित नहुने उनको भनाइ थियो।

यसरी हेर्दा देउवाको फिर्ती सन्देशमा दुईवटा फरक स्वर सुनिन्छन्। एउटा स्वर आफ्नो राजनीतिक अस्तित्व र नेतृत्वमाथि चुनौती दिनेहरूलाई दिइएको कडा जवाफ हो भने अर्को स्वर राष्ट्रिय सहमति, मेलमिलाप र पुस्तान्तरणको आह्वान हो।

उनले २०३३ सालमा बीपी कोइराला राष्ट्रिय एकता तथा मेलमिलापको सन्देशसहित स्वदेश फर्किएको प्रसंगसमेत स्मरण गरे। झन्डै पाँच दशकपछि फेरि त्यस्तै बृहत् राष्ट्रिय एकता र सर्वपक्षीय सहकार्य आवश्यक रहेको उनको तर्क थियो।

तर यही तुलना देउवाका लागि राजनीतिक प्रश्न पनि बनेको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रवक्ता मोहनकुमार श्रेष्ठले देउवाको स्वदेश फिर्तीलाई बीपीको २०३३ सालको फिर्तीसँग तुलना गर्दै प्रश्न उठाएका छन्, देउवा कुन उद्देश्य लिएर फर्किए ?

श्रेष्ठका अनुसार बीपीको स्वदेश फिर्ती स्पष्ट राष्ट्रिय मेलमिलापको राजनीतिक सन्देशसँग जोडिएको थियो। देउवाको फिर्ती भने कांग्रेसको आन्तरिक विवादमा मात्र सीमित हुने हो भने त्यसको राष्ट्रिय अर्थ कमजोर हुने उनको टिप्पणी छ। उनले देउवाले 'सफल राजनेता बन्ने कि असफल गुटनेता' भन्ने छनोट गर्नुपर्ने संकेतसमेत गरेका छन्।

यता कांग्रेस सभापति गगन थापाले भने देउवाको स्वदेश फिर्तीको स्वागत गर्दै उनको सुस्वास्थ्यको कामना गरेका छन्। सानेपामा जारी केन्द्रीय समिति बैठकको सुरुवातमै थापाले देउवालाई नेपालमा स्वागत गरेका हुन्। औपचारिक रूपमा नेतृत्वको दूरी देखिए पनि थापाको यो अभिव्यक्तिले व्यक्तिगत सम्बन्ध र पार्टीगत प्रतिस्पर्धाबीचको फरकसमेत देखाएको छ।

तर कांग्रेसभित्रको अर्को दृश्यले भने विवादलाई थप स्पष्ट पार्छ। नेता डा. शशांक कोइरालाले विमानस्थलमै पत्रकारहरूसँग कुरा गर्दै कांग्रेसको सभापति शेरबहादुर देउवा नै रहेको दाबी गरे। संस्थापनइतर समूहले देउवालाई केन्द्रमा राखेर राष्ट्रिय भेला आयोजना गरिरहेको छ। अर्थात्, अदालत र निर्वाचन आयोगको प्रक्रियाबाट एउटा नेतृत्व स्थापित भएको अवस्थामा कांग्रेसको एउटा प्रभावशाली समूहले अर्को नेतृत्वलाई राजनीतिक रूपमा पुनः स्थापित गर्ने प्रयास गरिरहेको छ।

देउवाको स्वागतमा देखिएको उत्साह र 'सभापति'का रूपमा गरिएको पुनर्प्रस्तुति त्यसैको संकेत हो।

यसैबीच, देउवाले सम्बोधनका क्रममा आफूले व्यक्तिगत राजनीतिक महत्वाकांक्षा नराखेको र आफ्नो अनुभव नयाँ पुस्तालाई हस्तान्तरण गर्न तयार रहेको बताए। यो भनाइले उनी फेरि सक्रिय कार्यकारी नेतृत्व लिन खोजिरहेका छन् कि पार्टीभित्र आफ्नो प्रभाव र राजनीतिक विरासत जोगाउन खोजिरहेका छन् भन्ने प्रश्न भने खुलै छोडेको छ।

यहींनेर देउवालाई आएको 'ज्ञानेन्द्र शाहको झल्को' अर्थपूर्ण हुन्छ। ज्ञानेन्द्रको नाम उच्चारण गर्दै देउवाले आफूलाई राजनीतिक दबाब र घेराबन्दीबाट नडराउने नेताका रूपमा पुनः प्रस्तुत गरेका छन्। राजासँगको विगतको संघर्षलाई वर्तमानका चुनौतीसँग जोडेर उनले आफ्नो राजनीतिक आत्मविश्वास देखाएका छन्। तर त्यससँगै उनको फिर्तीको दृश्यमा देखिएको शक्ति प्रदर्शनले उनी कांग्रेसको आन्तरिक राजनीतिबाट पूर्णतः अलग हुने अवस्थामा नरहेको पनि संकेत गरेको छ।

देउवा अब कुन भूमिकामा रहनेछन् भन्ने प्रश्नको उत्तर भने तत्काल स्पष्ट छैन। एकातिर उनी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्न तयार रहेको बताउँछन्, अर्कोतिर आफ्नै पक्षका नेता-कार्यकर्तालें उनलाई 'सभापति'का रूपमा पुनः प्रस्तुत गरिरहेका छन्। एकातिर राष्ट्रिय मेलमिलापको आह्वान छ, अर्कोतिर कांग्रेसभित्रको नेतृत्व विवादमा आफ्नो पक्षलाई बलियो बनाउने अभ्यास पनि देखिन्छ।

त्यसैले देउवाको यो स्वदेश फिर्तीलाई केवल उपचारपछि भएको राजनीतिक नेताको घरफिर्ती मान्ने कि कांग्रेसको शक्ति समीकरण पुनः परिभाषित गर्ने सुरुवातका रूपमा हेर्ने भन्ने प्रश्न अब कांग्रेसकै अगाडि छ।

अहिलेका लागि भने देउवाले घेराबन्दी, छानबिन वा राजनीतिक चुनौतीले आफूलाई पछि हटाउन नसक्ने दाबी गरेका छन्। त्यो दाबीलाई बलियो बनाउन उनले आफ्नै विगतको एउटा शक्तिशाली राजनीतिक पात्र राजा ज्ञानेन्द्रको नाम लिए।

देउवाको यो आत्मविश्वास राष्ट्रिय राजनीतिमा नयाँ अध्याय बन्ने हो कि कांग्रेसको आन्तरिक शक्ति संघर्षमै सीमित हुने हो उनको आगामी कदमले पुष्टी गर्नेछ।

## मोदीलाई बालेनको सन्देश: आन्तरिक काममा ............

दिनपर्ने स्थिति छ,' प्रधानमन्त्री शाहको भनाइ थियो, 'आन्तरिक कामबाट फुर्सद भएपछि अनुकूल समयमा भारतको भ्रमण गर्ने नै छु।'

प्रधानमन्त्रीले आफू 'आन्तरिक मामिलामा व्यस्त रहेको' र 'आन्तरिक कामबाट फुर्सद भएपछि अनुकूल समयमा भारतको भ्रमण गर्ने' उल्लेख गर्नुको अर्थ हो, उनी तत्काल भारत भ्रमणमा जाने योजनामा छैनन्।

प्रधानमन्त्री निकट स्रोतहरुका भनाइमा आफ्ना लागि आन्तरिक राजनीति प्रतिकूल हुँदै जान थालेको स्थितिमा प्रधानमन्त्री शाह नयाँदिल्लीलाई चिढ्याउने मनस्थितिमा छैनन्, तर कम्तिमा एक वर्ष विदेश भ्रमणमा नजाने उनको पूर्व अडानमा परिवर्तन पनि आइसकेको छैन।



## मधेश प्रदेशमा रगतको ............

अन्तर्राष्ट्रिय युवा दिवसको अवसर पारेर आयोजना गरिएको उक्त खुला रक्तदान कार्यक्रममा १९ जनाले रक्तदान गर्नुभएको छ । रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरोस् भने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

रास्वपा मधेश प्रदेश सङ्गठन विभाग उपप्रमुख अम्बुप्रसाद साहले सङ्कलन भएको रगत मधेश प्रदेश रक्तसञ्चार केन्द्रमा बुझाइने बताए । नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष पङ्ज महतोले एक सातादेखि रक्तसञ्चार केन्द्रमा रगतको अभाव देखिएको जानकारी दिए ।

“रक्तसञ्चार केन्द्रमा एक/दुई पोका मात्र रगत छ, तर दैनिक ४०/५० जना बिरामी रगतका लागि आउने गरेका छन्”, अध्यक्ष महतोले भने, “बिरामीहरु जसरी पनि दिनुपर्‍यो भन्दै आउँछन्, तर रगत नभएपछि समस्या भइरहेको छ ।”

रक्तदाताको अभाव भएपछि मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामअन्तर्गतको प्रदेश रक्तसञ्चार केन्द्रमा पनि रगतको अभाव हुन थालेको छ ।

मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका निर्देशक डा. नागेन्द्र यादवका अनुसार प्रदेश रक्तसञ्चारमा हाल जम्मा ३० पोका रगत रहेको बताए ।

# अमरेश सिंहको प्रश्नः के समृद्धि र सुशासनको रोडम्याप यही हो ?



अपन दैनिक संवाददाता
काठमाडौं, साउन २८ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेश सिंहले सरकारको कार्यशैलीप्रति गम्भीर प्रश्न उठाएका छन् ।

उनले देशभरका सार्वजनिक संस्था र सरकारी निकायमा भइरहेको हस्तक्षेप, सेना-प्रहरी तथा कर्मचारीमाथिको व्यवहार, सांसदहरूको अभिव्यक्ति, व्यापारीमाथिको धरपकड र परराष्ट्र नीतिप्रति असन्तुष्टि व्यक्त गरेका हुन् ।

बिहीबार सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै सिंहले सार्वजनिक संस्था र सरकारी निकायमाथि हस्तक्षेप भइरहेको आरोप लगाएका छन् ।

उनले सेना, प्रहरी तथा कर्मचारीको ‘हुर्मत लिने’ काम भइरहेको भन्दै राज्यका संस्थामाथिको व्यवहारप्रति प्रश्न गरेका छन् ।

सांसदहरूको अभिव्यक्तिले संसद्कै गरिमामा आँच पुगिरहेको उनको टिप्पणी छ । त्यस्तै, व्यापारीहरूको धरपकडका कारण निजी क्षेत्र त्रसित बनेको भन्दै उनले सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाएका छन् ।

उनले प्रश्न गरेका छन्, ‘के समृद्धि र सुशासनको रोडम्याप यही हो ? कि राज्यलाई अझै पछाडि धकेल्ने काम भइरहेको छ ?’




## पत्रकार श्रेष्ठलाई तीन दिन थुनामा राख्न जिल्ला ............

नेपाल भएको भन्दै पत्रकार महासंघलगायत निकायले सरकारको आलोचना गरेका छन् ।

उता श्रेष्ठलाई गैरकानुनी रूपमा थुनामा राखिएको दाबीसहित सर्वोच्च अदालतमा बिहीबार बन्दी प्रत्यक्षीकरणको रिट दर्ता भएको छ । श्रेष्ठको श्रीमती सरस्वती श्रेष्ठले रित दर्ता गराएकी हुन् ।

## मधेशमा मन्त्रिपरिषद् पुनर्गठन गरी ९ मन्त्रालय ............

मन्त्रालय ९ कायम गर्ने गरी मन्त्रिपरिषद् पुनर्गठन भएमा नेकपाबाट दुई र नेकपा एमालेबाट एक मन्त्रीको पद जानेछ ।

नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद यादव नेतृत्वको मधेश सरकारमा अहिले तीनवटै दललाई चार-चार वटा मन्त्रालय भागबण्डा गरिएको छ ।

कांग्रेससँग मुख्यमन्त्रीसहित चार मन्त्रालय छ । मुख्यमन्त्री बाहेक कांग्रेसको भागमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रहेका छन् ।

नेकपा एमालेको भागमा पूर्वाधार विकास मन्त्रालय, समाज कल्याण तथा खेलकुद मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय र श्रम तथा संस्कृति मन्त्रालय रहेका छन् ।

यस्तै नेकपाको भागमा अर्थ, ऊर्जा सिंचाइ तथा खानेपानी, उद्योग, वाणिज्य तथा पर्यटन र गृह, सञ्चार तथा कानुन मन्त्रालय छन् ।

अब कांग्रेसको भागमा मुख्यमन्त्रीसहित चार, नेकपा एमालेको तीन र नेकपाको दुई मन्त्रालय भागमा पर्ने एक नेताले बताए ।

मन्त्रालयको संख्या घटाउन अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा गठित मन्त्रालयको संख्या तथा कार्यविभाजन पुनरावलोकनसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सिफारिस कार्यदलले असार १८ गते मुख्यमन्त्रीसमक्ष ९ मन्त्रालय राख्न सिफारिसहितको सुझाव पेस गरेको थियो ।

सुझावअनुसार अब ६ वटा मन्त्रालय गृह, सञ्चार तथा कानुन मन्त्रालय, शिक्षा तथा संस्कृति मन्त्रालय, समाज कल्याण तथा खेलकुद मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, उद्योग तथा पर्यटन मन्त्रालय र वन तथा वातावरण मन्त्रालय मर्ज गरेर तीन वटा बनाउने गृहकार्य भइरहेको छ ।

पुनरावलोकनका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्यामप्रसाद पटेलको संयोजकत्वमा विभिन्न मन्त्रालयका सचिवहरू सम्मिलित कार्यदल गठन गरिएको थियो । कार्यदलको काम अन्तिम चरणमा रहेको र अबको केही दिनमै सरकारलाई प्रतिवेदन बुझाउने उनले बताए । यद्यपि, यो प्रतिवेदन आउनुअघि पनि मन्त्रिपरिषद् ९ वटा मन्त्रालय कायम गर्ने गरी पुनर्गठन गर्न बाधा नपर्ने मन्त्री पटेलको भनाइ छ ।

केन्द्रमा कांग्रेस र नेकपा एमालेको गठबन्धन भत्किए पनि त्यसको असर मधेशमा भने परेको छैन । एमाले र नेकपाको समीकरणअनुसार पनि यो प्रदेशमा सरकार बनाउन आवश्यक संख्या ५४ पुग्दैन । त्यस कारण यी दुई दल तत्काललाई मधेशमा कांग्रेस नेतृत्वकै सरकारलाई यथावत राख्ने गरी अगाडि बढिरहेका छन् ।

मन्त्रालय ९ कायम हुँदा फिर्ता बोलाइने मन्त्री वा सरकारमा नयाँ अनुहार कसलाई पठाउने विषयमा पनि एमाले र नेकपामा आन्तरिक गृहकार्य भइरहेको छ ।

## सुनसरी घटनाः सरकारको निगरानीमा ............

एक हजारभन्दा बढी मदरसा दर्ता भएका छन् । तथ्याङ्कले यसो भने पनि नेपालमा चार हजारभन्दा बढी मदरसा रहेको अनुमान गरिन्छ । सङ्घका अध्यक्ष अहमदले आफूलाई मदरसाको यकिन सङ्ख्या थाहा नभएको तर सरकारले यसको अनुगमन र नियमन गर्नुपर्ने बताए ।

अमेरिकाले जारी गरेको अन्तर्राष्ट्रिय स्वतन्त्रता प्रतिवेदन, २००९ मा पनि नेपालमा मदरसाको सङ्ख्या साढे तीन हजार रहेको उल्लेख छ । प्रतिवेदनमा भनिएको छ, ‘शिक्षा विभागका अनुसार ८३२ मदरसा जिल्ला शिक्षा कार्यालयअन्तर्गत कानुनी रूपमा दर्ता भएका छन् । जिल्ला शिक्षा कार्यालयले उनीहरूलाई वार्षिक रूपमा केही आर्थिक सहयोग पनि गर्छन् ।’

शिक्षा मन्त्रालयले प्रकाशन गरेको ‘मदरसा सन्देश २०७९’ मा भनिएको छ, ‘सरकारी तथ्याङ्कअनुसार एक हजार १९७ मदरसा जिल्ला शिक्षा कार्यालयमा दर्ता भएका छन् । यतिकै सङ्ख्यामा समुदायद्वारा सञ्चालित मदरसाहरू दर्ता नभई सञ्चालनमा रहेको देखिन्छ । नेपालका धेरै मदरसामा पूर्वप्राथमिक स्तरमा धार्मिक शिक्षा दिइन्छ, जसलाई मक्तब भनिन्छ तर यसको तथ्याङ्क राखिएको छैन ।’

सरकारी तथ्याङ्कअनुसार नेपालभरका मदरसाहरूमा लगभग अढाई लाखभन्दा बढी विद्यार्थी अध्ययनरत छन्, तर पनि सरकारले हालसम्म यसलाई मान्यता दिएको छैन ।

शिक्षा मन्त्रालयको सोही प्रकाशनमा उल्लेख छ, ‘नेपाल तथा भारतका विभिन्न मदरसाबाट शैक्षिक उपाधि हासिल गरेका विद्यार्थीहरूलाई सरकारले शैक्षिक प्रमाणपत्रको समकक्षता प्रदान नगर्दा वर्षौंदेखि मुस्लिम विद्यार्थीहरू प्रभावित भएका छन् । मदरसाबाट अध्ययन गरेका विद्यार्थीहरू सरकारी सेवाका लागि योग्य मानिदैनन् ।’

चार हजारभन्दा बढी मदरसामा अध्ययन गर्ने विद्यार्थीको प्रमाणपत्रलाई सरकारले मान्यता दिएको छैन । मदरसामा पढे पनि यसकै आधारमा जागिर पाईदैन भने यतिका मदरसा किन खुल्छन् ? बेलाबेलामा यस्ता प्रश्न उठिरहन्छन् । साथै, मदरसामा पढेका ठुलो सङ्ख्याका विद्यार्थीहरू कहाँ जान्छन् ? यो प्रश्न पनि टड्कारो बनेको छ ।

राजनीतिक विश्लेषक देवेश झाले भने, ‘नेपालका मदरसामा भारतबाट पनि मानिसहरू आएका हुन्छन् । मुस्लिम समुदायमा जागिरमा जाने चलन त्यति छैन । पढेलेखेकाहरू तिनै मदरसाहरूमा पढाउँछन्, धर्मगुरु बन्छन्, नभए वैदेशिक रोजगारमा जान्छन् ।’

मदरसामा पढेका विद्यार्थीले पनि लोक सेवा परीक्षा दिन पाउनुपर्ने माग नउठेको होइन । यसबारे मधेस प्रदेशमा विधेयक पनि ल्याइएको थियो, तर त्यो विधेयक अझै विचाराधीन अवस्थामै छ ।

### मधेशमा विरोध

मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले २०७५ मा ‘मदरसा शिक्षा बोर्ड गठनसम्बन्धी विधेयक, २०७५’ प्रदेश सभामा प्रस्तुत गरेका थिए । प्रस्तुत हुनेबित्तिकै त्यसको व्यापक विरोध भयो । तत्कालीन माओवादीका प्रदेश सभा सदस्य जगत यादवले त मुख्यमन्त्री राउतले पाकिस्तानको इसारामा यो विधेयक ल्याएको आरोपसमेत लगाएका थिए ।

मदरसा शिक्षा बोर्ड गठनसम्बन्धी विधेयकलाई लिएर तत्कालीन मुख्यमन्त्री राउतको विरोध भइरहँदा उनकै पार्टीका नेता तथा मन्त्रीहरू मौन बसे । फलस्वरूप, त्यो विधेयक अगाडि बढ्न सकेन । त्यसपछि सोही पार्टीका सरोज यादव (बारा) मुख्यमन्त्री भए । उनले पनि त्यसलाई अगाडि बढाउन सकेनन् । जनमत पार्टीबाट मुख्यमन्त्री बनेका सतिश सिंहले यसबारे चर्चासम्म गरेनन् भने छोटो समयका लागि तत्कालीन लोसपाबाट मुख्यमन्त्री बनेका जितेन्द्र सोनलले चर्चा गर्ने कुरै भएन ।

तर सोचनीय विषय के छ भने, केही महिनामात्र मुख्यमन्त्री बनेका एमालेका सरोज यादवले सो विधेयक मन्त्रिपरिषद्बाट पारित गराएर संसदमा लैजाने निर्णय गरेका थिए, तर अहिले पनि सो विधेयक विचाराधीन अवस्थामै छ ।

मदरसाले आधिकारिकता पाए अराजक गतिविधि बढ्ने भएकाले विधेयक पास हुन नदिने अवस्था बनेको जनता समाजवादी पार्टी नेपालका एक नेता बताउँछन् । जबकि, उस्तै प्रकृतिको विधेयक लुम्बिनी प्रदेशले पारित गरेर कार्यान्वयनमा ल्याइसकेको छ ।

### सीमा क्षेत्रमै किन ?

नेपालमा रहेका अधिकांश मदरसा नेपाल-भारत सीमा क्षेत्रमै छन् । केही दिनअघि सीमा क्षेत्रमा दुई समुदायबिच झडप भएपछि सरकारले मदरसाबारे चासोमात्र देखाएको छैन, अध्ययन गर्ने निर्णय नै गरेको छ ।

मदरसाको मामिलामा सबैभन्दा अगाडि सुनसरी जिल्ला देखिन्छ । सुनसरीमा ५० भन्दा बढी ठुला मदरसा सञ्चालित छन् ।

२०७४ मा सुनसरीको हरिनगरका खुर्सिद अन्सारीको हत्या भएको थियो । भारतबाट आएको एउटा समूहले उनको हत्या गरेको खुलेको थियो ।

एमालेनिकट उनी मुस्लिमसम्बन्धी सङ्घसंस्थामा आबद्ध हुनुका साथै मुस्लिम समुदायका नेता नै थिए । त्यसको दुई महिनापछि, सुनसरीकै दुहबीका फिदा हुसैनको पनि गोली हानी हत्या गरिएको थियो ।

साउन १० गते भएको झडपमा सुनसरीकै तीन जना युवाको मृत्यु भएको छ । प्रहरीको गोली लागेर उनीहरूको मृत्यु भएको भनिए पनि सरकारले यसबारे अनुसन्धान गरिरहेको छ ।

इस्लामी सङ्घ नेपालका अध्यक्ष अहमदले सिरहासहित चार जनाको मृत्यु हुनुको कारण मुस्लिम समुदायलाई देखाइनुमा आपत्ति जनाए ।

साउन १० गतेको घटना शान्त भइसकेपछि भोलिपल्ट प्रहरीसँग युवाहरूको झडप भएको थियो । उक्त झडपमा युवाहरूको ज्यान गएको दाबी गर्दै अहमदले १० गतेपछि मुस्लिमहरूको कतै पनि प्रदर्शन नभएको र उनीहरूकै कारण हिन्दु युवाहरूको मृत्यु भएको भन्नु सरासर गलत रहेको बताए ।

त्यस्तै सिरहाको गोलबजारमा पनि दुई समुदायबिच झडप नभएको र त्यहाँ कोही पनि मुस्लिम मूलका युवा उपस्थित नरहेको उनको दाबी छ । तर मुस्लिमलाई दोषी देखाई उनीहरूको घर तथा व्यापारमा आगो लगाउने काम भएको भन्दै उनले दुःख व्यक्त गरे ।

